१८५४/५५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

मु.नं. १६७/२०७३/०७४

**निर्णय नं. ५५**

जिल्ला महोत्तरी, पशुपतिनगरका अमृत कुमार महतो समेत ....................................८ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री राष्ट्रिय उच्च मा. वि., पशुपतिनाथ, बनरझुल्ला ..........................१ } विपक्षी
सूचना अधिकारी, श्री राष्ट्रिय उच्च मा. वि., पशुपतिनाथ, बनरझुल्ला ..........................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, पशुपतिनगरका अमृत कुमार महतो समेतले श्री राष्ट्रिय उच्च मा. वि., पशुपतिनाथ, बनरझुल्ला समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०६।११ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी श्री राष्ट्रिय उच्च मा. वि., पशुपतिनाथ, बनरझुल्लाको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

शैक्षिक सत्र २०६५ यता श्री राष्ट्रिय उच्च मा. वि., पशुपतिनाथ, बनरझुल्लामा कुन कुन तह र कोटामा शिक्षक नियुक्ति गरियो, कुन कुन तहका शिक्षकहरुलाई हटाईयो सोको विवरण ।

शैक्षिक सत्र २०७० र २०७१ मा श्री राष्ट्रिय उच्च मा. वि., पशुपतिनाथ, बनरझुल्लामा आएको छात्रवृति रकम कुन कुन विद्यार्थीहरुलाई कति कति वितरण गरियो सोको विवरण ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल कार्तिक १ गते रोज २ शुभम् ।